22130143

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A: LITERATURE – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A : LITTÉRATURE – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A: LITERATURA – NIVEL MEDIO – PRUEBA 1**

Wednesday 8 May 2013 (morning)
Mercredi 8 mai 2013 (matin)
Miércoles 8 de mayo de 2013 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a guided literary analysis on one passage only. In your answer you must address both of the guiding questions provided.
- The maximum mark for this examination paper is *[20 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez une analyse littéraire dirigée d'un seul des passages. Les deux questions d'orientation fournies doivent être traitées dans votre réponse.
- Le nombre maximum de points pour cette épreuve d'examen est *[20 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un análisis literario guiado sobre un solo pasaje. Debe abordar las dos preguntas de orientación en su respuesta.
- La puntuación máxima para esta prueba de examen es *[20 puntos]*.


© International Baccalaureate Organization 2013

https://xtremepape.rs/

*कुनै **एक** उद्धरणमा साहित्यिक विश्लेषण लेख्नुहोस् । तपाईंका उत्तरले तल दिइएका दुईवटा निर्देशित प्रश्नहरूलाई सम्बोधन गरेको हुनुपर्छ :*

**1.**

सम्पन्नका दृष्टि आकाशतिर हुन्छन्, विपन्नका दृष्टि धर्तीतिर । धर्ती भनेको जग हो, जहाँबाट जीवनको धरातल उठेको हुन्छ । जहाँबाट हिमाल उठेका हुन्छन्, जुन भूमिमा उभिएर नै सगरमाथा अग्लिएको हुन्छ । शाश्वत या प्राकृतिक धरातल भनेको जमिन नै हो । चाहे त्यो भूगोलको अर्थमा होस् या जीवनको । आत्मीय र सुन्दर सपना देख्नलाई पाउ धर्तीमै राख्न सक्नुपर्छ । मानिसलाई जीवन्त राख्ने त आखिर सपनाले नै हो । सपनाबिनाको जीवन पनि के जीवन ? सूर्योदयबिनाको प्रातः जस्तो, लालिमाबिनाको गोधूली जस्तो, ताराबिनाको आकाश जस्तो, इन्द्रेणीबिनाको क्षितिज जस्तो । त्यसैले त अभावमै सपनाहरू मिठासपूर्ण हुन्छन् । तृप्तिपछि त सारा सपनामै खग्रास लाग्छ । त्यसैले अभावले सपना जन्माउँछ। गरिबको सहारा ईश्वरलाई भन्छन् । वास्तवमा ईश्वर भनेकै सपना हो, जसले मानिसलाई चुनौतीहरूसँग लड्न र आशाका हजारौं उकाली र भीरहरू उक्लिन पाइला-पाइला सिँढीहरू बिछ्याइरहन्छ ।

म प्राप्तिहीनताको समर्थन कदापि गरिरहेको छैनँ र पराजय मात्र अङ्गीकार गर्नुपर्छ भन्ने आग्रह पनि होइन । प्राप्ति र विजय मात्र अन्तिम सत्य पनि होइनन् । भनिन्छ, मानिसका लागि सबैभन्दा प्रिय वस्तु जीवन हो, ऊ पहिला आफूलाई माया गर्छ अनि मात्र स्वास्नी, सन्तान, आमा, बाबु आदिलाई । तर, सत्य के पनि हो भने मानिसलाई एउटा मोडमा आफ्नै जीवन पनि भार हुन थाल्छ । यसलाई घिसारेर हिँड्नु कष्टकर हुन्छ । त्यसैले इच्छामृत्युको वरदान पाएका भीष्मले पनि अन्ततः मृत्युलाई निमन्त्रणा गर्नुपर्‍यो । किन उनले मृत्युलाई जित्न चाहेनन् ?

जीवनको अति मोहबाट मुक्ति खोज्ने अवस्था र अवसरहरू पनि आउँछन् । यस्तो इच्छा प्रबल नहुँदो हो त यति प्यारो जीवनलाई किन आत्महत्याको बलिवेदीमा झुन्ड्याउँथे मानिसहरू । तर यो अपवादको अवस्था हो । वस्तुतः मृत्युपछिको दुनियाँ कसैले देखेको छैन । जति नै स्वर्ग-नर्कको शास्त्र घोके पनि र जति नै धर्मकर्ममा लगानी गरे पनि मृत्युपछिको ग्यारेन्टी हुँदैन किनभने आजसम्म स्वर्ग र नर्क पुगेर फर्केको धर्मात्मा र पापिष्ट भेटिएको छैन । त्यसैले मानिसलाई जीवन नै सदा प्रिय छ । तर,पनि सत्यलाई स्वीकार्न तयार मान्छे केहीसँग झस्किँदैन, कोहीसँग डराउँदैन । तारामण्डल छानोमुनि सुतेर सपना देख्नेहरू हरेक आपत्ति र प्रतिकूलतासँग सामना गर्न आत्तिँदैनन् । आखिर आँधी-हुरीबीच नै फक्रन्छन् र फुल्छन् सपनाहरू । त्यसैले मेरो समर्थन या भनौं स्वीकारोक्ति के हो भने जो अरूलाई सपना बाँड्दै हिँडेको स्वाङ गर्छन्, उनीहरू स्वयम् सपनाका भोका हुन्छन् । उनीहरू फोस्रो आडम्बरमा बाँचिरहेका हुन्छन्, अरूहरूको सपना उजाडेर । अनि, भन्छन् "हामी जनतालाई सपना बाँडिरहेछौं ।"

रमण घिमिरे, *"सर्वे भवन्तु सुखिन"* २०६८ ।

(क) उक्त उद्धरणले पाठकलाई कस्तो नैतिक उपदेश दिएको छ ?

(ख) लेखकले प्रयोग गरेको भाषिक शैलीलाई केकसरी मूल्याङ्कन गर्नुहुन्छ ?



https://xtremepape.rs/

**2.**

अँध्यारोमा बस्नु भनेको पनि एउटा आदत नै हो
र, अँध्यारोमै रम्ने बानी परेकाले होला
लाटोकोसेरालाई पटक्कै रुचि छैन हेर्नलाई
गुलाफका राता गालाहरू
हिमालमा घामका पाइलाहरू
नदीमा डुबुल्की मारिरहेका जलहाँसहरू
भीरमै मुस्कुराइरहेका गुराँसहरू
उल्टो डराउँछ पो यो सुन्दरता देख्नुपर्ला भनेर लाटोकोसेरो !
तिरमिराउँछन् उसका आँखाहरू उज्यालोमा
कि
उज्यालो भनेको सत्य हो
उज्यालो भनेको खलबल हो
र, उज्यालो भनेको
भित्र/बाहिर छयाङछयाङती देख्न सकिने
भोको पेट
नाङ्गो आङ
र खोसिएको छानो पनि हो
लाटोकोसेरोलाई
उज्यालोसँग सधैं डर लाग्छ
दुई थरी लाटाकोसेराहरू छन् अहिले संसारमा
एक थरी लाटोकोसेरो
आकाशको छानो ओढेर रूखमा बस्छ
र, अर्को थरी लाटोकोसेरो
अर्दली उभ्याएर मूल ढोकामा
र, पर्दाहरू टाँगेर झ्यालहरूमा
काला कुराहरू सोच्दै
महलभित्रको
कुनै अँध्यारो कोठामा समय काट्छ

दिनेश अधिकारी, *"लाटोकोसेरो"* २०६५ ।

(क) यस कवितामा कविले मानिसलाई कस्तो व्यङ्ग्यात्मक टिप्पणी गरेका छन् ?

(ख) यस कवितामा प्रयुक्त प्रतीक पहिल्याई मूल्याङ्कन गर्नुहोस् ।



https://xtremepape.rs/